# <u>बैठकको निर्णय</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्किज्यूले प्रस्तुत गर्नु भएको  विनियोजन ऐन, २०८२ लाई संशोधन गर्न बनेको विधेयक स्वीकृत गर्ने   ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा शैलुङ गाउँपालिका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पार्वती कार्कीज्यूले प्रस्तुत गर्नु भएको तपसिल बमोजिमको आ.व. २०८२/०८३ को योजना, बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव स्वीकृत गर्ने   ।

<u>तपसिल</u>

**प्रस्तुत आर्थिक आर्थिक वर्ष २०८२।८३ को बजेट, योजना तथा कार्ग्रमको संशोधन प्रस्ताव**

**गाउँसभाका सदस्यज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलकको चौतर्फी विकासको आंकाक्षा पूरा गर्न नेपालको संविधान बमोजिम स्थानीय निर्वाचन पश्चात स्थानीय सरकारको दोस्रो कार्यकालको सुरुवातसँगै विभिन्न विषय क्षेत्रसँग सम्बन्धित सरोकारवाला तथा शैलुङ वासीहरुको अमुल्य सुझावहरुको सहयोगमा तयार गरिएको शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेट,योजना तथा कार्यक्रमको संशोधित प्रस्ताव यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरबको अनुभूति गरेको छु ।

यस अवसरमा समाजको आमूल परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनासम्मको विभिन्न कालखण्डका राजनीतिक आन्दोलन, संघर्ष र क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । मुलुकको राजनीतिलाई संघीय शासन प्रणालीसहितको लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाइते योद्दाहरु तथा बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस सम्मानित सभासमक्ष चालु आर्थिक वर्षको हालसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धिहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>गाउँपालिकाको आय व्ययको अवस्था :</u>**

शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को कुल बजेट ६६ करोड ८० लाख १६ हजार रहेको छ । जसमा चालु तर्फ ३७ करोड ३४ लाख ३२ हजार ८ सय ५० रहेको छ भने पूँजीगत तर्फ २९ करोड ४५ लाख ८३ हजार १सय

५० रुपैया रहेको छ । क्षेत्रगत रुपमा बजेट विनियोजन हेर्दा आर्थिक विकास तर्फ ६ करोड २९ लाख ३ हजार १ सय ५०,सामाजिक विकास तर्फ ३८ करोड ५७ लाख ३४ हजार, पूर्वाधार विकास तर्फ ११ करोड ४७ लाख ५५ हजार १, सुशासन तथा अन्तरसम्बन्धित तर्फ ७० लाख ३१ हजार र कार्यसंचालन तथा प्रशासनिक तर्फ ९ करोड ७५ लाख ९२ हजार ८ सय ५० विनियोजन भएको छ । चालु अवधिसम्म आइपुग्दा गाउँपालिकालाई संघीय सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान गरी कुल १६ करोड ९८ लाख २०हजार ४ सय ७७ रुपैया प्राप्त भएको छ । त्यसैगरी बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान, सशर्त अनुदान गरी कुल १ करोड ३६ लाख ३९ हजार ५ सय हस्तान्तरण भएको छ ।राजस्व बाँडफाट अन्तर्गत संघ तथा प्रदेशबाट चालु अवधिसम्म रु ३ करोड ६९ लाख ७५ हजार १ सय ८५ रुपैया र आन्तरिक स्रोतबाट रु २ करोड ९० लाख ५० हजार १ सय ८३ रुपैयाँ गरी कुल २४ करोड ९४ लाख ८५ हजार ३ सय ४६ रुपैया प्राप्त भएको थियो ।

त्यसैगरी चालु अवधिसम्म व्यय अन्तर्गत चालु तर्फ १२ करोड २२ लाख ९८ हजार ५ सय ५३ रुपैँया अर्थात ३२.७५% खर्च भएको छ भने पूँजीगत तर्फ २ करोड ३० लाख ३८ हजार ७ सय २६ रुपैयाँ अर्थात ७.८२ प्रतिशत गरी कुल १४ करोड ५३ लाख ३७ हजार २ सय ७९ अर्थात २१.७५ % खर्च भएको छ ।

**<u>शिक्षा युवा तथा खेलकुद :</u>**

- शिक्षक दरबन्दी मिलानको प्रगति विवरण आ.व. २०८२/८३ मा ८ जना शिक्षकको सरुवा गरिएको ।
- **विद्यालयलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान** चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम " विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान" अन्तर्गत "विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन" क्रियाकलाप सञ्चालन गर्नका प्रस्ताब आव्हान गरिएको ।
- दिवा खाजा कार्यक्रम कार्यान्वयनको अवस्थाबाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई रु २० का दरले दिवा खाजा बापतको अनुदान दिने संघीय सरकारको व्यवस्था अनुसार ६० दिनको निकाशा गरिएको ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान वापतको रकम निकाशा गरिएको ।
- शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण कार्यक्रमबाट २७ जना प्राथमिक तहका शिक्षकहरुका लागि ३ दिवसिय एकीकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड तालिम गरिएको ।
- प्रसुती विदा सट्टा शिक्षक व्यवस्थापन कार्यक्रममा यस वर्ष १ जना बाल विकास सहजकर्ता , २ जना प्राथमिक तहको शिक्षक शिक्षक विदामा रहदा रु. १,९५,००० ।– रकम खर्च/ निकाशा भएको छ ।

- प्राविधिक शिक्षा व्यवस्थापन अनुदान प्राविधिक विद्यालयको व्यवस्थापनका लागि शारदा माध्यमिक विद्यालयलाई मात्र रु. ३,३१,००० ।– रकम निकाशा गरिएको । साथै प्राविधिक विद्यालयमा अध्ययनतर विद्यार्थीहरुलाई ट्रान्सफर गरी हालका लागि बन्द गरिएको ।
- शिक्षक तालिम ( प्रश्नपत्र निर्माण कार्यशाला, पाठ्यक्रम प्रबोधिकरण, मन्टेश्वरी तालिम, लेखा तालिम) ३ वटा अनिवार्य विषय( अङ्ग्रेजी , गणित र विज्ञान) का ६९ जना शिक्षकलाई शिक्षक विधी र प्रबिधीको प्रयोग सम्बन्धी कार्यशालामा सहभागी गराइएको । आधारभुत तहका २७ जना शिक्षकहरुका लागि कार्यमुलक शिक्षण सिका सम्बन्धी ४ दिने तालिम सञ्चालन गरिएको । शिक्षक तालिम तर्फ सबै कार्यशालाका लागि करिब ७ लाख खर्च भएको ।
- विद्यालय आन्तरिक परीक्षा व्यवस्थापन माध्यमिक तह सम्मको शिक्षा निशुल्क भनिएता पनि परीक्षाको नाममा शुल्क लिने गरेको पाईएको हुनाले गाउँपालिकाबाट नै प्रश्नपत्र र उत्तर पुस्तिकाको व्यवस्था गरिएको ।उत्तर पुस्तिकाको लागि प्रति विद्यार्थी रु. १२० ।– का दरले कक्षा १ देखि १० सम्मका २१५० विद्यार्थीका लागि अनुदान रकम उपलब्ध गराईएको ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा २९ वटा विधामा प्रतिश्पर्धा गराईएको । ४ दिन सम्म सञ्चालित खेल भव्यता पूर्वक सम्पन्न भएको ।

**स्वास्थ्य शाखा:**

- शैलुङ गाउँपालिका अन्तर्गत रहेका १० वटा स्वास्थ्य संस्थाका स्वास्थ्य चौकी प्रमुखहरुको समुपस्थितमा प्रतेक महिनाको ७ गते बैठक बसी मासिक प्रतिवेदन HMIS उपर छलफल गरि स्वास्थ्यका सूचकहरु DHIS 2 मा प्रविस्ट गरिएको ।
- सबै स्वास्थ्य संस्थाहरुमा Aug १ देखि ७ सम्म " स्तनपानलाई प्राथमिकता दिऔ सहयोगी वातारण निर्माण गरौ "भन्ने मूल नाराका साथ विश्वो स्तनपान सप्ताह गाउँपालिका कार्यालयमा स्तनपान कक्ष स्थापना गरि मनाईएको।
- जनै पूर्णिमाको दिन लाग्ने धार्मिक मेलामा स्वास्थ्य सिविर संचालन गरि १३० जना भक्तजन हरुलाई प्रथामिक उपचार सेवा प्रदान गरेको।
- सबै बिद्यालयका १० देखि १९ वर्षका १०२५ जना किशोरीहरुलाई श्रावण देखि असोज सम्म हप्तामा १ चक्की आइरन फोलिक एसिड खुवाने कार्यक्रम सम्पन्न भएको।
- तिलगंगा आँखा प्रतिष्ठानमा काठमाडौं , दोलखा लायन्स आँखा केन्द्र दोलखा र शैलुङ गाउँपालिका को संयुक्त आयोजनामा निशुल्कआँखा सिविर संचालन गरि ७० जनाको आँखा जांच गरि १५ जनाको मोतिविन्दु पत्ता लगाई शल्यक्रिया सेवा प्रदान गरिएको ।

- शैलुङ गाउँपालिका अन्तर्गत रहेका १० वटा स्वास्थ्य संस्थाका स्वास्थ्य संस्था प्रमुखहरु जनप्रतिनिधि ज्यूहरु तथा जनस्वास्थ्य कार्यालयको समुपस्थितमा स्वास्थ्य कार्यक्रमहरुकोआ.व.२०८१/०८२ को वार्षिक समिक्षा तथा २०८२/०८३ को योजना तर्जुमा गोष्ठीमा सम्पन्न गरिएको ।
- सम्पूर्ण स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधि तथा सामग्रीहरुको e-Bid मार्फत खरिद गरि सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा वितरण गर्नको लागि बोलपत्र आव्हान गरि औषधि आउने प्रक्रियामा रहेको र उक्त समय अगाडिको लागि जिल्ला र प्रदेश संग समन्व गरि नियमित आपूर्ति गराई रहेको ।
- क्षयरोगको वार्षिक समिक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम संचालन गरिएको जसमा गत वर्ष उपचाररत ९ जना बिरामी मध्ये ८ जना निको भएका र १ जनाको मृतु भएको यस वर्ष ५ जना उपचारमा रहेका ।
- PAMS V2 तालिम संचालन गरि ८ वटै वडाका १० वटा स्वास्थ्य संस्थाका २१ जना स्वास्थ्य कर्मचारीहरुलाई PAMS V2 सम्बन्धि तालिम प्रदान गरि स्वास्थ्य सामग्री तथा औषधिहरुको सम्पति Mapping गरि दाखिला ,खरिद आदेश ,मागफाराम,हस्तान्तरण खर्च निकासा गरि रिपोर्ट तयार गर्ने ज्ञान शिप प्रदान गरिएको सबै स्वास्थ्य संस्थाका सम्पतिहरुको विवरण सार्बजनिक सम्पति तथा व्यवस्थापन प्रणालीमा अभिलेखीकरण भएको ।
- शैलुङ.पा.मा संचालन भएको राष्ट्रपति रनिङ्ग सिल्डमा स्वास्थ्य संस्थाका १२ जना स्वास्थ्य कर्मीहरुको टोली परिचालन गरि प्राथमिक उपचार सेवा संचालन गरेको ।
- शैलुङ गाउँपालिका वडा नं ८ मा सुस्वास्थ्य हस्पिटलको प्राविधिक सहयोग र शैलुङ गा.पा. को आयोजनामा २ दिने नि : शुल्क अकुपंचर,फिजियो थेरापी र प्रकृति चिकित्सक सम्बन्धि सिविर बाट २९७ जना लाई सेवा प्रदान गरिएको ।
- गाउँपालिकाका सबै वडामा रहेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविक द्वारा २०८२ कार्तिक २० र २१ गते ६ महिना देखि ५९ महिना सम्मका सबै बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि खुवाउनुको साथै पाखुराको नाप लिने कार्य सम्पन्न गरेको ।
- सबै स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS ) तथा फलोअप कार्यक्रम सम्पन्न गरेको ८० % स्वास्थ्य संस्थारुले MSS मा ८० % भन्दा उत्कृष्ट नतिजा हासिल गरेकका जसवाट बिगतमा भएका समस्या तथा चुनौतीहरुलाई पार गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुका साथै सेवाको पहुच बढेको ।
- २१ औं रास्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका दिवश २०८१ मंसिर १९ (5 th December 2025) " स्वस्थ्य समुदायको निर्माण महिला समुदायक स्वास्थ्य स्वयम् सेविकाको योगदान भन्ने मूल नाराका साथ सम्पन्न विभिन्न प्रतियोगितात्मक कार्यक्रम शैलुङ गाउँपालिका र जनस्वास्थ्य कार्यालय दोलखा द्वारा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका योगदानलाई उच्च मुल्यांकन गर्दै १५१ जनालाई रु ५०००/- र प्रमाण पत्र प्रदान गरि दिवस मनाइएको ।
- जनस्वास्थ्य कार्यालय दोलखा र बागमती प्रदेश संग समन्वय गरि जम्मा ९ जना स्वास्थ्य कर्मचारीहरुलाई खोप सम्बन्धि २ दिने सुक्ष्म योजना निर्माण गोष्ठीमा सहभागी भएको ।

- दोलखा लायन्स आँखा केन्द्र दोलखाको आयोजनामा ९ जना स्वास्थ्य कर्मीहरुलाई आँखा सम्बन्धि प्राथमिक उपचार तालिम प्रदान गरिएको ।
- म स्वस्थ ,मिरो समुदाय स्वस्थ्य :घरटोलमा स्वस्थ प्रवर्दनकार्यक्रम संचालनका लागि जनस्वास्थ्य अधिकृत नियुक्त गरि कार्य प्रारम्भ गरिएको जस बाट विद्यालय र समुदायमा सर्ने नसर्ने रोग सम्बन्धि र स्वास्थ्य बिमा सम्बन्धि जनचेतनामूलक कार्याक्रम सुरुवात भएको जसबाट स्वास्थ्य समाज निर्माणमा टेवा पुग्ने ।
- यस गाउँपालिका अन्तर्गत रहेका जम्मा ११० जना गर्भवतीहरुलाई प्रति व्यक्ति ६ क्यारेट का दरले अन्डा र १८० चक्की क्याल्सियम वितरण गरेको जसबाट स्वस्थ्य आमाले र स्वस्थ्य बच्चालाई जन्म दिएको कुपोषण जस्ता अन्य रोगबाट ग्रहसित नभई शाररिक,मानसिक रुपमा स्वस्थ्य रहेको ।
- सबै स्वास्थ्य संस्था बाट ९ जना नया क्षयरोग संक्रमितहरुकोउपचार भईरहेको ।
- यस चौमासिक दिर्घ रोगीहरु मध्ये क्यान्सर १६ मृगौला सम्बन्धि ४ मुटु सम्बन्धि १२ हेड तथा स्पाइनल ४ अन्य २ जना गरि जम्मा ३९ जना लाई उपचार सिफारिस प्रदान गरिनुको साथै पालिका बाट ३९ जनालाई नै आर्थिक सहायता कार्यविधि अनुसार प्रति विरामी रु १०,००० देखि २५,००० सम्म उपलब्ध गराइएको ।
- दिर्घ रोगि मध्ये क्यान्सर ६० मृगौला २० गरि जम्मा ८० जना लाई मासिक ५००० का दरले उपचार खर्च वापत मंसिर सम्मको रकम रु १९०५००० (उन्नाइस लाख पाँच हजार ) बैंक खाता मार्फत उपलब्ध गराईएको ।
- काठमाण्डौ महानगर संगको समन्वयमा ख वर्गको एम्बुलेन्स निशुल्क प्राप्त गरि पालिकामा भएको समेत गरि २ वटा एम्बुलेन्स बाट र एम्बुलेन्स उपलब्ध नभएको अवस्थामा अन्य सवारीसाधन प्रयोग गर्दा एम्बुलेन्स भाडा बराबरको भाडा रकम पालिका द्वारा उपलब्ध गराई १५ जना गर्भवती ,सुत्केरी ,अति असक्त अपाङ्गा ,८० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई नि शुल्क एम्बुलेन्स सेवा प्रदान गरेको ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक/उद्योग शाखा:**

- लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान कार्यक्रम अन्तर्गत मिति २०८२/०८/१८ गतेका दिन यसै शैलुङ गाउपालिकाको वडा नं. ०४ स्थित श्री दुर्गा माध्यमिक विद्यालयमा पालिका स्तरीय अन्तर माध्यामिक विद्यालयहरुको सहभागितामा "लैङ्गिक हिंसा अन्त्यका लागि सरोकारवालाको भूमिका" शिर्षकमा वक्तृत्वकला सम्पन्न गरिएको छ ।
- अपाङ्ग व्यक्तिहरुको परिचयपत्र वितरण कार्यक्रम सम्पन्न गरिएको जसमा १९ जना अपाङ्ग व्यक्तिहरुको अपाङ्गता परिचयपत्र वितरण र १ जनाको अपाङ्गता परिचयपत्रको प्रतिलिपी वितरण कार्य सम्पन्न गरिएको छ ।

- चालु अवधिसम्म १३ वटा नयाँ व्यवसाय दर्ता, ११७ वटा व्यवसाय नविकरण र १४ वटा व्यवसाय बन्द गरिएको छ ।
- ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत हाल सम्म ९ जनाको नयाँ ज्येष्ठ नागरिक परिचयपत्र र ३ जनाको प्रतिलिपि परिचयपत्र वितरण गरिएको छ ।

**राजस्व शाखा:**

- शैलुङ गाउँपालिकाको आर्थिक ऐन, २०८2 ले निर्धारण गरेका करको दायरा भित्र रही कर तथा गैर कर राजस्व वापत चालु अवधि सम्ममा रु ३४ लाख ०४ हजार २ सय ८ रुपैयाँ संकलन गरेको छ । जसमध्ये शैलुङ गाउँपालिकाबाट रु ६,८८,३०७, वडा नं १ कार्यालयबाट रु २,९५,६८३, वडा नं २ कार्यालयबाट १,५८,६८१ वडा नं ३ कार्यालयबाट ३,८२,७६८, वडा नं ४ कार्यालयबाट ४,१३,६७९ वडा नं ५ कार्यालयबाट २,४१,९४४ वडा नं ६ कार्यालयबाट १,८०,१४० वडा नं ७ कार्यालयबाट रु २,७४,१८० वडा नं ८ कार्यालयबाट रु ५,२३,०३० र शैलुङ अस्पतालबाट रु २,४५,७९१ संकलन गरिएको छ ।

**पशु विकास :**

- **संघिय तथा प्रदेश ससर्त तर्फका कार्यक्रम अन्तर्गत** चरणखर्क सुधार कार्यक्रम, बाख्रा प्रवर्दन, दुध प्रवर्दन कार्यक्रमको सूचना प्रकाशन भइ लाभग्राही छनौटको प्रकियामा रहेको छ ।
- रेबिज खोरेत तथा अन्य रोग बिरुद्द खोप लगाउने कार्यक्रम अन्तर्गत सबै वडामा गाई,भैंसी,तथा बंगुरमा खोरेत ,लम्पी स्किन बिरुद्द खोप लगाउने कार्यक्रम अन्तर्गत यस आ.व मा १४०० पशुलाइ साउन/भाद्रमा लम्पी स्किन बिरुद्द खोप लगाईएको छ । यस कार्यक्रम बाट पशुहरुलाइ भाइरस जन्य रोग विरुद्ध रोग प्रतिरोधात्मक क्षमता अभिवृद्दि गरिएको छ ।
- पशुपन्छीका लागि औषधि खरिद तथा ढुवानी कार्यक्रम अन्तर्गत पशुपन्छीका लागि आवश्यक औषधि खरिद गर्न टेन्डर आवहान गरि सम्पूर्ण प्रक्रिया पुरा भइ सम्झौता हुने चरण मा रहेको छ साथै वडाहरुमा पशुपन्छी को नि:सुल्क उपचार सेवा समेत प्रदान भइरहेको छ । एकीकृत पशुपन्छी विकास प्रवर्दन कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका प्रत्यक वडा मा प्रति वडा ५/५ लाख बराबरको कार्यक्रम कार्यान्यिन गर्ने लक्ष्य अनुरुपका कार्यक्रमहरु कार्यविधि निर्माण सूचना प्रकाशन लगायतका कार्यहरु सम्पन्न भएको छ ।
- .गाइ भैंसी सुत्केरी पोषण कार्यक्रम अन्तर्गत यस आ.व.२०८२ /०८३ मा गाउँपालिका भित्रका वडा नम्बर ३, ४,५, ,७ र ८ मा गरि ३४० जना कृषकले रु. १५०० का दरले गाई भैंसी सुत्केरी पोषण कर्यक्रमबाट सेवा प्राप्त गरेका छन् ।भने थप ७५ जना कृषकहरुको आवेदन प्राप्त भइ भुक्तानी हुने चरणमा छ ।
- .पशुपन्छी विमा कार्यक्रम अन्तर्गत यस आ.व.मा स :शुल्क गाइ/भैंसी ६८५ ओटा भेडा/बाख्रा १७४ ओटाको बिमा गरिएको र यस कार्यक्रम बाट किसानहरुको पशुधनमा हुने क्षतिलाइ प्रतिस्थापन गर्ने लक्ष्य रहेको छ ।

**कृषि विकास :**

**संघिय शसर्त अनुदान तर्फका कार्यक्रमहरु**

- राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम अन्तर्गत **आ.व. २०८१/०८२ मा स्थापना भएको तरकारी पकेट विकास निरन्तरता कार्यक्रम** कार्यन्वयन गर्न सूचना प्रकाशन गरि लाभान्वित व्यक्तिहरुको फिल्ड भेरिफिकेसन गरिसकेको र छनौटको प्रक्रियामा रहेको छ । यस कार्यक्रमबाट किसानहरुलाई व्यावसायिक तरकारी खेतिमा प्रोत्साहन गर्न र आर्थिक रुपमा बलियो मदत पुग्नेछ ।
- **आलु बिउ उत्पादन कार्यक्रम** अन्तर्गत कार्यक्रम कार्यन्वयन गर्न सूचना प्रकाशन गरि लाभान्वित समूह तथा सहकारीहरुको फिल्ड भेरिफिकेसन गरि गरिसकेको छनौटको प्रक्रियामा रहेको र यस कार्यक्रमबाट आलु बिउ उत्पादनमा वृद्धि हुने र आलु उत्पादनको लागि बिउको अभाव नहुनाले आलु उत्पादनमा समेत प्रोत्साहन हुनुका साथै किसानहरुको जीवनस्थर राम्रो बनाउन टेवा पुग्नेछ ।
- **कृषि, पशुपन्छी तथा मस्त्य तथ्यांक सम्बन्धी कार्यक्रम** अन्तर्गत वडा न. २,६ र ८ छनोमा परेकोमा वडा न.२ मा आ.व. २०८१/०८२ मा डाटा संकलन सकिएको र वडा मा ८ मा यो आ. व. मा ९८ घरधुरीको कृषि तथा पशुपन्छी सम्बन्धि डाटा संकलन भईसकेको छ ।

**गाउँपालिका चालु तर्फका कार्यक्रमहरु :**

- **तोरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत** वडा नम्बर ०५ मा यस कार्यक्रम कार्यान्वयनको लागि तोरीको बिउ वितरण गरि कार्य सम्पन्न भइसकेको छ । यस कार्यक्रमले तेल उत्पादनमा टेवा पुराउनुको साथै त्यस क्षेत्रमा रहेको मौरिपालनमा समेत सहयोग गरेको छ ।
- **हिउदे फलफुल बगैचा स्थापना कार्यक्रम** अन्तर्गत वडा न. ०६ मा कार्यक्रम कार्यन्वयन गर्नको लागि सूचना प्रकाशन गरि अखोर तथा कटुसको बिरुवाहरु वितरणको लागि माग संकलन गरिसकेको र बिरुवा खरिदको प्रक्रियामा रहेको छ र यस गाउँपालिकाको किसानहरुलाई फलफुलमा आत्मनिर्भर बनाउने उदेश्यका साथ यो कार्यक्रम राखिएको हो ।
- मौसमी तथा बेमौसमी तरकारी उत्पादनको लागी **प्लाष्टिक टनेलमा प्रोत्साहन कार्यक्रम** अन्तर्गत वडा नं २,६ र ८ मा कार्यक्रम कार्यन्वयन गर्नको लागि सूचना प्रकाशन गरि माग संकलन गरिसकेको र कार्यक्रम कार्यन्वयनको चरणमा रहेको छ र जसबाट किसानहरुले मौसमी तथा बेमौसमी तरकारी उत्पादन गरि आयआर्जनमा वृदि गर्ने छन् ।
- **लक्षित वर्गको लागी तरकारी बिउमा प्रोत्साहन कार्यक्रम** अन्तर्गत वडा नं १ र ३, मा काउली, बन्दा, गाजर, मुला तथा केराउको बीउ ५०% अनुदानमा वितरण गर्न आवेदन संकलन गरिसकेको र कार्यक्रम कार्यन्वयनको चरणमा रहेको छ र जसबाट किसानहरुलाई तरकारी खेतीमा थप प्रोत्साहन मिल्नेछ ।
- **मसलाजन्य उत्पादनमा प्रोत्साहन कार्यक्रम** अन्तर्गत वडा नं २ मा किसानहरुलाई कृषिमा थप प्रोत्साहन गर्न किसानहरुको माग बमोजिमको कार्यक्रम संचालन गर्नको लागि सूचना प्रकाशन गरि आवेदन संकलन गरिसकेको

र कार्यक्रम कार्यन्वयनको चरणमा रहेको छ  र छ जसबाट किसानहरुलाई मसलाजन्य बालीमा थप प्रोत्साहन पुग्ने छ  ।

- **मौरी प्रवर्दन कार्यक्रम अन्तर्गत** यस गाउँपालिकाको वडा न.२ र ५  का किसानहरुलाई  कृषिमा प्रोत्साहन गर्ने साथै महको उत्पादनमा वृदि गर्न सो कार्यक्रम कार्यन्वयनको लागि सूचना प्रकाशन माग संकलन गरिसकेको र कार्यक्रम कार्यन्वयनको चरणमा रहेको छ ।
- **बिषादी खरिदमा ५०% अनुदान कार्यक्रम** अन्तर्गत  विभिन्न वडाहरुमा धानमा बेरुवा किरा र डडुवाको समस्या  देखिएकोले सो किरा तथा रोगहरुलाई नियन्त्रण गर्न  Prosac 50 EC ५० बट्टा  र Carbendazim ५०० ग्राम को २०० पकेट खरिद गरि ५०% अनुदानमा  वडा न. ४,५,७ र ८ मा वितरण भएसकेको छ ।
- **कृषि  यान्त्रिकरण कार्यक्रम अन्तर्गत** कृषि आधुनिकिकरणको लागी वडा न. १,४,५,६,७ र ८ मा विभिन्न कृषिमा आवश्यक पर्ने कृषि यन्त्रहरुको  ५०% अनुदान मा वितरण गर्नको लागि आवेदनहरुको संकलन भएसकेको र खरिदको लागि ठेक्काको प्रक्रियामा रहेको छ ।
- तरकारी खेतीमा प्रोत्साहन कार्यक्रम **अन्तर्गत** वडा न. ०७ मा कार्यक्रम कार्यन्वयन गर्नको लागि सूचना प्रकाशन गरि माग संकलन गरिसकेको र कार्यक्रम कार्यन्वयनको चरणमा रहेको छ र जसबाट किसानहरुले तरकारी उत्पादन गरि आयआर्जनमा वृदि गर्ने छन् ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम:**

- आ.ब. २०८२/०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यस्थापन सूचना प्रणाली मा सूचीकृत बेरोजगार संख्या १०५१  रहेको छ । बेरोजगार जनशक्तिलाई न्युनतम १०० दिनको रोगजारी सिर्जनकको लागि यस कार्यक्रमको लागि सडक सोलिङ,सिंढी निर्माण र सिचाइ निर्माण सँग सम्बन्धीत कूल ११ वटा आयोजनाहरुमा रु.३४,३२,०००/-बजेट बिनियोजन भएकोमा सबै  आयोजनाहरुको उपभोक्ता समिति निर्माणको लागि सूचना प्रकाशन भैसकेको छ ।

**योजना, अनुगमन/पूर्वाधार शाखा :**

- यस शैलुङ गाउँपालिकाबाट आ. ब. २०८२/८३ मा सञ्चालन गर्नेगरी सडक पूर्वाधार, खानेपानी, सिंचाई व्यवस्थापन, सामुदायिक भवन, विद्यालय भौतिक व्यवस्थापन, मठमन्दिर आदि समेत गरी १८० वटा आयोजनाहरु स्वीकृत गरेको थियो  । गाउँपालिकाले रु १० लाख भन्दा माथिका आयोजनाहरु ठेक्का प्रक्रियाकाट कार्यान्वयन गर्ने र १० लाख भन्दा कम बजेटका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने नीति लिए अनुसार यस वर्ष उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना संख्या १५२ रहेको र गत वर्षको क्रमागत योजना समेत ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने आयोजना संख्या २८ रहेको थियो  । ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने आयोजनामा २५ वटा निर्माणका र २ वटा सामान खरिदका रहेका छन् । यसैगरी

विभिन्न मितिमा गाउँपालिकाबाट स्वीकृत भएका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनाहरु समेत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना संख्या १६५ कायम हुन आएको छ ।

- उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने ९६ वटा आयोजना सम्झौता भएका छन । उपभोक्ता समितिसँग सम्झौता भएका १० वटा आयोजनाहरु सम्पन्न भएका छन भने सम्पन्न भएका मध्ये ४ वटा आयोजनाको भुक्तानी भएको छ । सम्पन्न भएका आयोजनाहरु मध्ये बाँकी ६ वटा आयोजना भुक्तानीको प्रक्रियामा रहेका छन् ।
- योजना कार्यान्वयन अघि योजना तथा अनुगमन शाखाले उपभोक्ता समितिलाई ८ वटै वडामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । २०८२ भाद्र १२ गते वडा नं ७ बाट प्रारम्भ भएको अभिमुखिकरण कार्यक्रम २०८२ पौष १ गते वडा नं ८ मा सम्पन्न भएको थियो । निर्धारित समयमा नै उपभोक्ता समितिसँग योजना सम्झौता कार्य सम्पन्न गर्नको लागि वडा नं १, २, ४, ६, ७ र ८ मा योजना सम्झौता शिविर समेत सम्पन्न भएको छ । योजना सम्झौता शिविरमा ६० वटा उपभोक्ता समितिसँग योजना सम्झौता भएको छ ।
- ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने आयोजना मध्ये निर्माण व्यवसायीसँग १० वटा आयोजनाको सम्झौता सम्पन्न भएको छ । ३ वटा क्रमागत आयोजनाहरु कार्यान्वयन भै रहेका छन् ।
- ठेक्का सम्झौता भएका १० वटा मध्ये एउटा आयोजना सम्पन्न भएर भुक्तानी भएको छ भने बाँकी अन्य आयोजनाहरु कार्यान्वयन भै रहेका छन । गाउँपालिकाको महत्वपूर्ण आयोजना मध्येको शैलुङ अस्पताल निर्माण कार्य यसै वर्ष सम्पन्न भएर सञ्चालनमा आउने छ । त्यसैगरी खानेपानी, सिंचाई तथा सडकका महत्वपूर्ण आयोजनाहरु यस वर्ष सम्पन्न हुने छन् ।

**लघुउद्यम विकास तर्फ:**

- उद्यम व्यवसाय दर्ता प्रकियाको बारेमा जानकारी गरी दर्ता गर्न परामर्श गराइएको ।
- यस वर्ष उद्यमशिलता तालिम ३० जना, सिप विकास तालिम ३० जना, लघु वित्तमा सेवाको पहुँच ३० जना , उद्यमशिलता तालिम संचालन गर्ने गरी तयारी भएको ।

**कानुन तथा न्याय:**

- चालु आ. व मा २ वटा मुद्दा न्यायिक समितिमा दर्ता भएको, जसमा २ वटा मुद्दा फछयौट भएको छ ।
- ८ वटा वडाका ३५ जना मेलमेलाप कर्तालाई क्षमता विकास सम्बन्धी पुनरताजर्की तालिम सञ्चालन गरी झोला डायरी लगायत सहायता सामाग्री वितरण कार्य सम्पन्न गरिएको छ ।

**संचार तथा सूचना प्रविधि :**

- गाउँपालिका ,वडा कार्यलय ,विद्यालय, अस्पताल साथै अन्य सार्वजानिक क्षेत्रमा आवश्यक पर्ने प्राविधिक सहयोग पुरयाउदै आएको छ । जस्तै, ई हाजिरी जडान, इन्टरनेट जडान लगायत कार्य गरेको छ । हाल सम्म फाइबर इन्टरनेट सेवाबाट सरकारी कार्यालयहरु सामुदायिक विद्यालयहरु समेत गरी,३५० घर परिवार

लाभान्वित भएका छन् । गाउँपालिका २७ वडा कार्यालयहरु र सामुदायिक माध्यमिक विद्यालयहरु गरी , स्थानमा इ-हाजिर जडान गरी आवश्यक परेको बेला टेक्निकल सपोर्ट गर्ने गरेको छ । गाउँपालिकाको सामाजिक सञ्जाल (वेवसाइट, फेसबुक) मार्फत सूचना प्रवाह नियमित रुपमा गर्दै आइरहेको छ । शैलुङ गाउँपालिका अन्तर्गत सञ्चालित शैलुङ अस्पतालमा अस्पताल व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याईएको छ जसको मद्दतबाट अस्पतालबाट प्रदान गरिने सेवा प्रवाहको नियमित प्रतिवेदन तथा विमा सँग आवद्ध भएका विमितहरुको लागि सहज भएको छ । विद्यालय तथा गाउँपालिकामा आवश्यक पर्ने ल्यापटप,प्रिन्टर, स्मार्टबोर्ड, स्मार्ट, टि.भि., सिसि क्यमेरा लगायतका मेशिनरी औजारहरुको टेक्निकल स्पेसिफिकेशन तयार गर्ने कार्य सम्पन्न भएको छ । गाउँपालिकाबाट निर्माण हुने वार्षिक खरिद योजना निर्माणमा प्रविधिको प्रयोग गरी सहजता प्रदान गरिएको छ । गाउँपालिकामा रहेका मेशिनरी औजारहरुको नियमित मर्मत संभार लगायतका कार्यहरु सम्पादन गरिएको छ जसले गर्दा सेवा प्रवाहमा सहजता भएको छ । सुत्र, प्याम्स, दर्ता चलानी तथा प्रमाणपत्र व्यवस्थापन प्रणाली, सामाजिक सुरक्षा तथा घटना दर्ता प्रणाली लगायतका सफ्टवेयरहरू सञ्चालनको लागी टेक्निकल सपोर्ट प्रदान गरिएको छ । माथिल्लो निकाय तथा अन्तर्गतका निकायहरुमा नियमित प्रतिवेदन पेस गर्ने कार्य गरिएको छ ।

सामाजिक सुरक्षा तथा पञ्जिकरण :

- वडा कार्यालयबाट नविकरण भएका लाभग्राहिहरुको अध्यावधिक विवरण तयार गरी पहिलो चौमासिक सामाजिक सुरक्षा भत्ता निकासा गर्ने कार्य गरिएको ।
- नयाँ दर्ता भएका लाभग्राहिहरुको बैंक सँगको समन्वयमा बल्क खाता सिर्जना गरी निजहरुको खाता नाम र खाता नम्बर सहितको विवरण अध्यावधिक गरिएको

- पहिलो चौमासिक अवधिमा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको संख्यात्मक विवरण यस प्रकार रहेको छ

अनुसूची ४
दफा ७ सँग सम्बन्धित

**संङ्ख्यात्मक विवरण**

**जिल्ला : दोलखा गा.पा/न.पा. : शैलुङ आर्थिक वर्ष : २०८२/८३**

| लक्षित समुह | गत आ.व. बाट नविकरण भएको संङ्ख्या (१) | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | | बार्षिक कायम संङ्ख्या | | | जम्मा संङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) | नयाँ थप संङ्ख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संङ्ख्या (ख=क+४-५) | नयाँ थप संङ्ख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संङ्ख्या (ग=ख+६-७) | नयाँ थप संङ्ख्या (८) | लगत कट्टा (९) | जम्मा कायम संङ्ख्या (घ=ग+८-९) | पुरुष | महिला | अन्य | |
| अन्य जेष्ठ नागरिक भत्ता | २०८५ | ११ | २ | २०९४ | २ | १ | २०९५ | ० | ० | २०९५ | ० | ० | २०९५ | ९१७ | ११७८ | ० | २०९५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ७६ | ७ | ० | ८३ | ० | ० | ८३ | ० | ० | ८३ | ० | ० | ८३ | ४७ | ३६ | ० | ८३ |
| जेष्ठ नागरिक एकल महिला | २०२ | ६ | ० | २०८ | १ | ० | २०९ | ० | ० | २०९ | ० | ० | २०९ | ० | २०९ | ० | २०९ |
| विधवा | ३३० | १४ | ० | ३४४ | ६ | ० | ३५० | ० | ० | ३५० | ० | ० | ३५० | ० | ३५० | ० | ३५० |
| पूर्ण अपाङ्गता भत्ता | ४१ | ० | १ | ४० | २ | ० | ४२ | ० | ० | ४२ | ० | ० | ४२ | २८ | १४ | ० | ४२ |
| अति अशक्त अपाङ्गता भत्ता | १३५ | ४ | ० | १३९ | ८ | ० | १४७ | ० | ० | १४७ | ० | ० | १४७ | ८९ | ५८ | ० | १४७ |
| दलित बालबालिका | १२९ | ८ | ३ | १३४ | ६ | ५ | १३५ | १ | ९ | १२७ | ० | २ | १२५ | ७० | ५५ | ० | १२५ |
| जम्मा | २९९८ | ५० | ६ | ३०४२ | २५ | ६ | ३०६१ | १ | ९ | ३०५३ | ० | २ | ३०५१ | ११५१ | १९०० | ० | ३०५१ |

## वन, वातावरण तथा विपद व्यवस्थापन :

- बर्षातको समयमा आएको पानीका कारण पहिरो गएको कारण घरमा पुगेको क्षति न्युनिकरण गर्न तथा थप क्षति हुनबाट जोगाउनको लागी ६१ घरपरिवार तथा १ सामुदायिक संघ संस्था ६३४ थान तारजाली वितरण कार्य गरिएको यसरी वितरण गरिएको तारजाली लगाएको स्थानमा थप क्षति हुन बाट जोगिएको_।
- असोज माहिनामा लगातार आएको बर्षाका कारण घर घुमाएका ४ परिवारको विवरण संकलन गरी राष्ट्रिय विपद् न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणमा अनलाईन मार्फत विवरण प्रविष्टि गरी अस्थाई आवास निर्माणको दोस्रो किस्ता रकम निकासाको क्रममा रहेको छ ।

अव म यो आ.व. २०८२/०८३ को लागि देहाय बमोजिमका योजना, कार्यक्रम तथा बजेट संशोधनको प्रस्ताव पेश गर्दछु ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | सुरू विनियोजित रकम जम्मा रू | थप गर्नु पर्ने | घट गर्नु पर्ने | अन्तिम बजेट रू | कैफियत |
|---|---|---|---|---|---|---|
| ८०३२३५०७१०१ शैलुङ गाउँपालिका | | | | | | |
| १ | पारिश्रमिक कर्मचारी (करार सबै कर्मचारी) | १०,४०,०००.०० | ३०,००,०००.०० | ०.०० | ४०,४०,०००.०० | |
| २ | पारिश्रमिक कर्मचारी (स्थायी सबै कर्मचारी) | १,०६,००,०००.०० | १५,००,०००.०० | ०.०० | १,२१,००,०००.०० | |
| ३ | जनप्रतिनिधि सेवा सुविधा | ७०,००,०००.०० | ०.०० | २,००,०००.०० | ६८,००,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | स्थायी कर्मचारी अवकाश कोष | ७,००,०००.०० | ०.०० | २,००,०००.०० | ५,००,०००.०० | |
| ५ | पानी तथा बिजुली | ६,००,०००.०० | ०.०० | २,००,०००.०० | ४,००,०००.०० | |
| ६ | संचार महसुल | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | १०,००,०००.०० | |
| ७ | बिमा तथा नवीकरण खर्च (सवारी साधन) | २,००,०००.०० | ०.०० | २,००,०००.०० | ०.०० | |
| ८ | सभा हल मर्मत तथा व्यवस्थापन | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० | २०,००,०००.०० | |
| ९ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च(कार्यालय सम्बन्धी क्यालेन्डर , प्रगति पुस्तिका, कानून लगायत नक्सापास ) | २,५४,२५६.०० | ०.०० | २,००,०००.०० | ५४,२५६.०० | |
| १० | सेवा तथा परामर्श खर्च | ७,००,०००.०० | ०.०० | ७,००,०००.०० | ०.०० | |
| ११ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० | स्रोत परिवर्तन |
| १२ | कर प्रवर्द्धन तथा जागरण / जनचेतनामूलक कार्यक्रम | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० | |
| १३ | आमाबाबु बिहिन बालबालिका कार्यक्रम | ०.०० | ३,५०,०००.०० | ०.०० | ३,५०,०००.०० | |
| १४ | सूचना प्रविधि शाखाको लागि भिडियोग्राफी , फोटोग्राफी र कम्प्युटर सर्भर सम्बन्धी तालिम | १,००,०००.०० | ०.०० | ५०,०००.०० | ५०,०००.०० | स्रोत परिवर्तन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | अन्तराष्ट्रिय श्रमिक, महिला दिवस, महिला स्वयं सेविका दिवस, अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, जेष्ठ नागरिक दिवस, बाल दिवस लगायतका दिवस समारोहहरुमा विभिन्न क्रियाकलापहरु संचालन (महिला हिंसा सम्बन्धी १६दिने अभियान तथा तिज विशेष कार्यक्रम) | ४,००,०००.०० | ०.०० | ०.०० | ४,००,०००.०० | |
| १६ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ४,००,०००.०० | ०.०० | ०.०० | ४,००,०००.०० | स्रोत परिवर्तन |
| १७ | रक्त संचार सेवा कार्यक्रम (गर्भवती , सुत्केरी,नवजात शिशु , पूर्ण अपाङ्गता भएका व्यक्ति विपन्न नागरिक र जेष्ठ नागरिक) | १,००,०००.०० | ०.०० | ५०,०००.०० | ५०,०००.०० | |
| १८ | लक्षित समूह पोषण सुधार कार्यक्रम ,पोषण नमुना टोल कार्यक्रम तथा विपन्न समुदाय पोषण सुधार कार्यक्रम | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० | स्रोत परिवर्तन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | विविध कार्यक्रम खर्च(भेटघाट अतिथि सम्मान लगायत अन्य विविध कार्यक्रम ) | ५,००,०००.०० | ०.०० | १,००,०००.०० | ४,००,०००.०० | |
| २० | विपद् तथा आकष्मिक कोष व्यवस्थापन | ४३,००,०००.०० | ०.०० | ३०,००,०००.०० | १३,००,०००.०० | |
| २१ | घरभाडा | ६,००,०००.०० | ०.०० | १,००,०००.०० | ५,००,०००.०० | |
| २२ | शैलुङ अस्पतालमा फर्निचर फिक्चर्स तथा उपकरण व्यवस्थापन | ०.०० | २२,००,०००.०० | ०.०० | २२,००,०००.०० | नेपाल सरकार समानिकरण अनुदान |
| २३ | सवारी साधन खरिद (मोटरसाइकल) | ११,००,०००.०० | ०.०० | ०.०० | ११,००,०००.०० | स्रोत परिवर्तन |
| २४ | मेशिनरी तथा औजार खरिद | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० | नेपाल सरकार समानिकरण अनुदान |
| २५ | नमुना संकलन तथा खोप प्रभावकारिता परिक्षण कार्यक्रम | १,००,०००.०० | ०.०० | १,००,०००.०० | ०.०० | |
| २६ | बोदले सहित स्मृति प्रतिष्ठान भवन शैलुङ गा.पा. दोलखा क्रमागत योजना | ०.०० | ७,००,०००.०० | ०.०० | ७,००,०००.०० | |
| २७ | जुगे दुधपोखरी कलाबारी डासे खोला सडक, वडा नं. १-वागमती प्रदेश समपुरक | ७६,००,०००.०० | ०.०० | ३१,००,०००.०० | ४५,००,०००.०० | |
| २८ | बाघखोर पोर्सोव २ नं. वडा कार्यालय सडक, वडा नं.२-वागमती प्रदेश समपुरक | ७६,००,०००.०० | ०.०० | ३५,००,०००.०० | ४१,००,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | सडक बोर्ड साझेदारी | ६,००,०००.०० | ०.०० | २,००,०००.०० | ४,००,०००.०० | |
| ३० | ओखरबोट काटाकुटी सिंचाई आयोजना (संघीय समपुरक) | ८०,००,०००.०० | ०.०० | ३७,००,०००.०० | ४३,००,०००.०० | |
| ३१ | अन्य साझेदारी कार्यक्रम(राष्ट्रिय रोजगार कार्यक्रम समेत) | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | १०,००,०००.०० | |
| ३२ | कालापानी मिनी ग्रेटवाल साझेदारी | १७,००,०००.०० | ०.०० | ०.०० | १७,००,०००.०० | स्रोत परिवर्तन |
| ३३ | निर्मित सार्वजनिक सम्पतिको संचालन तथा सम्भार खर्च | २,००,०००.०० | २,००,०००.०० | ०.०० | ४,००,०००.०० | नेपाल सरकार समानिकरण अनुदान |
| ३४ | पशुपंक्षी प्राविधिक क्षमता विकास कार्यक्रम | २,००,०००.०० | ०.०० | १,५०,०००.०० | ५०,०००.०० | स्रोत परिवर्तन |
| ३५ | रेविज रोग नियन्त्रण तथा वन्ध्याकरण कार्यक्रम | २,००,०००.०० | ३,००,०००.०० | ०.०० | ५,००,०००.०० | स्रोत परिवर्तन |
| ३६ | पशुपंक्षीको लागि औषधी खरिद तथा ढुवानी | ९,००,०००.०० | ०.०० | ५,००,०००.०० | ४,००,०००.०० | |
| ३७ | पशु विकास कार्यक्रम (सबै वडामा रु ५ लाख) | १६,००,०००.०० | ०.०० | ०.०० | १६,००,०००.०० | नेपाल सरकार समानिकरण अनुदान |
| ३८ | पशुपंक्षीको लागि आवश्यक विभिन्न रोग विरुद्व खोप खरिद तथा लगाउने कार्यक्रम (खोप लगायको पारिश्रमिक सहित) | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | वडा कार्यालय व्यवस्थापन तथा विविध, शैलुङ-१ | ८,५०,०००.०० | ०.०० | १,००,०००.०० | ७,५०,०००.०० | स्रोत परिवर्तन |
| ४० | कल्लाबारी मा.वि. सञ्चालन तथा व्यवस्थापन | ०.०० | १,००,०००.०० | ०.०० | १,००,०००.०० | स्रोत परिवर्तन |
| ४१ | कल्लाबारी मा.वि. भौतिक व्यवस्थापन ,शैलुङ-१ | ५,००,०००.०० | २,००,०००.०० | ०.०० | ७,००,०००.०० | |
| ४२ | सरसर्पा ठेगालाघ्यू ताम्चेत सडक,शैलुङ-१ | १४,००,०००.०० | ०.०० | ५,८५,०००.०० | ८,१५,०००.०० | |
| ४३ | कल्लाबारी सिंचाई पोखरी मर्मत,शैलुङ-१ | २,००,०००.०० | ०.०० | २,००,०००.०० | ०.०० | |
| ४४ | कल्लाबारी मा.वि. क्यान्टिन तथा सिढि निर्माण, शैलुङ-१ | २,००,०००.०० | २,००,०००.०० | ०.०० | ४,००,०००.०० | नाम परिवर्तन |
| ४५ | मानेडाडा प्रतिक्षालय निर्माण, शैलुङ-१ | २,००,०००.०० | ०.०० | २,००,०००.०० | ०.०० | |
| ४६ | पाटा ढोडोङ थर्पेलिंङ घ्यांङ भित्ता लेखन,शैलुङ-२ | २,००,०००.०० | ०.०० | २,००,०००.०० | ०.०० | |
| ४७ | वडा कार्यालय शौचालय निर्माण, शैलुङ-२ | ०.०० | २,००,०००.०० | ०.०० | २,००,०००.०० | |
| ४८ | सहकारी शिक्षा कार्यक्रम,शैलुङ-२ | २,००,०००.०० | ०.०० | २,००,०००.०० | ०.०० | |
| ४९ | ग्रिनतारा साना किसान कृषि सहकारी शिक्षा कार्यक्रम,शैलुङ-२ | ०.०० | २,००,०००.०० | ०.०० | २,००,०००.०० | स्रोत परिवर्तन |
| ५० | जम्बुसिंह खोल्सि नियन्त्रण/गल्छी नियन्त्रण ,शैलुङ-२ | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५१ | जम्बुसिंह कल्लाबारी सडक स्तरोन्नति | ०.०० | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | |
| ५२ | नाविन मा.वि. विद्यालय व्यवस्थापन, शैलुङ-२ | ०.०० | १,००,०००.०० | ०.०० | १,००,०००.०० | |
| ५३ | दर्कडाँडा खानेपानी योजना,शैलुङ-२ | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० | ०.०० | |
| ५४ | मालिघ्याङ खोला काभ्रेवेशि सिंचाई तथा मर्मत संभार आयोजनामा साझेदारी, शैलुङ-२ | ०.०० | २,००,०००.०० | ०.०० | २,००,०००.०० | |
| ५५ | २ नं. वडा कार्यालय (खोला नियन्त्रण तथा  मैदान व्यवस्थापन) | ०.०० | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | |
| ५६ | दुर्गा मा.वि. स्काउट व्यवस्थापन,शैलुङ-३ | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० | स्रोत परिवर्तन |
| ५७ | भुरुङ्गा पुरानो विद्यालय हुदै टाँसि गुम्बा जाने नयाँ ट्र्याक निर्माण ,शैलुङ-३ | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ०.०० | |
| ५८ | लुगु तथा सिगारखोला फड्केपुल निर्माण २ ओटा, शैलुङ-३ | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० | ०.०० | |
| ५९ | लामाघ्याङ गोचेत फस्कु जोड्ने सडक, शैलुङ -३ | ०.०० | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० | |
| ६० | सर्पखोला कुवा सडक, शैलुङ-३ | १०,०१,०००.०० | ०.०० | ८१,०००.०० | ९,२०,०००.०० | |
| ६१ | कभड हल थप निर्माण , शैलुङ-३ | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६२ | कभड हल पछाडि पहिरो नियन्त्रण , शैलुङ-३ | ०.०० | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० | |
| ६३ | कालिभूमे मन्दिर व्यवस्थापन, शैलुङ-३ | २,५०,०००.०० | ३,००,०००.०० | ०.०० | ५,५०,०००.०० | |
| ६४ | बोत्ले सामुदायिक भवन , शैलुङ-३ | १०,०१,०००.०० | ०.०० | २,४६,०००.०० | ७,५५,०००.०० | |
| ६५ | भ्वाङपर्ने दुर्सा संरक्षण तथा निर्माण , शैलुङ-३ | १०,०१,०००.०० | ०.०० | १,८६,०००.०० | ८,१५,०००.०० | |
| ६६ | भैसेखोला आर्यघाट ट्रष्ट टेवल निर्माण ,शैलुङ-३ | १,००,०००.०० | ०.०० | १,००,०००.०० | ०.०० | |
| ६७ | वडा कार्यालय व्यवस्थापन तथा कार्यालय संचालन,शैलुङ-३ | ३,००,०००.०० | १,००,०००.०० | ०.०० | ४,००,०००.०० | |
| ६८ | नेपाल गाउँ औसे सडक, शैलुङ-४ | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० | ०.०० | |
| ६९ | वडा कार्यालय झ्याल ढोका व्यवस्थापन, शैलुङ-४ | ०.०० | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० | |
| ७० | मागापौवा मा.वि. होस्टेल व्यवस्थापन तथा कक्षाकोठा शैक्षिक सुधार कार्यक्रम , शैलुङ-४ | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० | स्रोत परिवर्तन |
| ७१ | वडा कार्यालय भवन भौतिक व्यवस्थापन, शैलुङ-४ | २५,००,०००.०० | ०.०० | ५,७५,०००.०० | १९,२५,०००.०० | |
| ७२ | चित्रकला प्रवर्द्धन कार्यक्रम , शैलुङ-५ | २,००,०००.०० | ०.०० | २,००,०००.०० | ०.०० | |
| ७३ | बिरेन्द्र मा.वि. भौतिक व्यवस्थापन , शैलुङ-५ | ०.०० | २,००,०००.०० | ०.०० | २,००,०००.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७४ | बिरेन्द्र मा.वि. शैक्षिक सुधार योजना , शैलुङ-५ | ९,००,०००.०० | ०.०० | ०.०० | ९,००,०००.०० | स्रोत परिवर्तन |
| ७५ | एक घर एक मौरी प्रवर्द्धन कार्यक्रम , शैलुङ-५ | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ०.०० | |
| ७६ | कृषि उपज संकलन केन्द्र भवन निर्माण तथा सामग्री व्यवस्थापन , शैलुङ-५ | ०.०० | १०,००,०००.०० | ०.०० | १०,००,०००.०० | |
| ७७ | फलफुल विरुवा वितरण , शैलुङ -५ | ०.०० | १,००,०००.०० | ०.०० | १,००,०००.०० | |
| ७८ | एकघर एक गाई प्रवर्द्धन कार्यक्रम , शैलुङ-५ | ८,००,०००.०० | ०.०० | ८,००,०००.०० | ०.०० | |
| ७९ | दाहालगाउँ लप्टनटोल सडक , शैलुङ-५ | १०,०१,०००.०० | ०.०० | २,७६,०००.०० | ७,२५,०००.०० | |
| ८० | कृषि उपज संकलन केन्द्र भवन निर्माण , शैलुङ-५ | १५,००,०००.०० | ०.०० | ४,१५,०००.०० | १०,८५,०००.०० | |
| ८१ | गोठपानी सामुदायिक योजना अधुरो, शैलुङ-६ | ८,००,०००.०० | ०.०० | ८,००,०००.०० | ०.०० | |
| ८२ | गोठपानी सामुदायिक अधुरो भवन निर्माण, शैलुङ-६ | ०.०० | ८,००,०००.०० | ०.०० | ८,००,०००.०० | |
| ८३ | कालिका मा.वि. अनुदान ,शैलुङ-७ | ६,००,०००.०० | ०.०० | ०.०० | ६,००,०००.०० | स्रोत परिवर्तन |
| ८४ | भद्रेश्वर आ.वि. अनुदान ,शैलुङ-७ | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० | स्रोत परिवर्तन |
| ८५ | कार्कीगाँउ मन्जेत गोलेसिम सडक,शैलुङ-७ | २,४६,७५०.०० | ०.०० | २,४६,७५०.०० | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८६ | कार्कीगाँउ मन्जेत गोलेसिम सडक,शैलुङ-७ | २,५३,२५०.०० | ०.०० | २,५३,२५०.०० | ०.०० | |
| ८७ | वडा कार्यालय माने डाँडा सडक, , शैलुङ-७ | ०.०० | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० | |
| ८८ | अधेरीखोला बाहुनटोल लामाटोल सिंचाई योजना, शैलुङ-७ | ११,००,०००.०० | ०.०० | १,२५,०००.०० | ९,७५,०००.०० | |
| ८९ | शैलुङ्गेश्वर आ.वि.मनगाउँ भौतिक व्यवस्थापन | ४,००,०००.०० | २,००,०००.०० | ०.०० | ६,००,०००.०० | स्रोत परिवर्तन |
| ९० | पैति फिरफिरे सडक,शैलुङ-८ | ११,००,०००.०० | ०.०० | २,७५,०००.०० | ८,२५,०००.०० | |
| ९१ | पाडेखाने पैति भालुश्वारा सडक,शैलुङ-८ | १०,०१,०००.०० | ०.०० | १,०१,०००.०० | ९,००,०००.०० | |
| ९२ | भैंसे पैति अधेरीखोला सडक,शैलुङ-८ | १४,००,०००.०० | ०.०० | १,०५,०००.०० | १२,९५,०००.०० | |
| ९३ | शारदा मा.वि. भौतिक व्यवस्थापन,शैलुङ-८ | १०,०१,०००.०० | ०.०० | १,१९,०००.०० | ८,८२,०००.०० | |
| ९४ | शैलुङ्गेश्वर आ.वि. थप तलब | ६,००,०००.०० | ०.०० | २,००,०००.०० | ४,००,०००.०० | |
| ९५ | गत वर्षको भुक्तानी दिन बाँकी, कक्षा १० थप कक्षा | ७,००,०००.०० | ०.०० | ०.०० | ७,००,०००.०० | स्रोत परिवर्तन |
| ९६ | स्वास्थ्य संस्थाहरु संचालन तथा व्यवस्थापन अनुदान । | १५,००,०००.०० | ०.०० | ०.०० | १५,००,०००.०० | स्रोत परिवर्तन |
| ९७ | रासायनिक मल ढुवानीमा ५० प्रतिशत अनुदान | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९८ | रासायनिक मल ढुवानीमा प्रतिबोरा रू १०० अनुदान कार्यक्रम | ०.०० | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | |
| ९९ | कृषि विकास कार्यक्रम (प्रत्येक वडामा ५ लाख) | २४,००,०००.०० | ०.०० | ०.०० | २४,००,०००.०० | नेपाल सरकार समानिकरण अनुदान |
| १०० | दुर्गा मा.वि. बस खरिद साझेदारी कार्यक्रम, शैलुङ-४ | १५,००,०००.०० | १०,००,०००.०० | ०.०० | २५,००,०००.०० | |
| १०१ | दिवा खाजा थप कक्षा १-५ | ९,८०,०००.०० | ०.०० | ९,८०,०००.०० | ०.०० | |
| १०२ | स्रष्टघर निर्माण,शैलुङ-८ | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ०.०० | |
| १०३ | ढाँडे मनगाउँ सडक, शैलुङ-८ | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ०.०० | |
| १०४ | फलाटे पैति खोलाघारी ढाडे सडक | ०.०० | ६,००,०००.०० | ०.०० | ६,००,०००.०० | |
| **कुल जम्मा** | | | १,८३,५०,०००.०० | २,७९,१९,०००.०० | | |

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाका गाउँ कार्यपालिका सदस्य तथा न्यायिक समितिका सदस्य श्री बन्दना पाख्रिनज्यूले प्रस्तुत गर्नु भएको न्यायिक समितिको प्रतिवेदन स्वीकृत गर्ने ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा लेखा समितिका सदस्य तथा गाउँसभा सदस्य श्री तारा बहादुर थपलियाज्यूले प्रस्तुत गर्नु भएको तपसिल बमोजिमको लेखा समितिको प्रतिवेदन स्वीकृत गर्ने ।

तपसिल

# शैलुङ गाउँपालिका

काटाकुटी-दोलखा

## लेखा समितिको प्रतिवेदन २०८२

**परिचय**

नेपालको  संविधानको भाग ०५ को धारा ५६, भाग १७ , को धारा २१४, २१५ बमोजिम शैलुङ गाउँपालिका वि.स. २०७३ साल फागुन २७ गते स्थापना भएको हो। १२८.६७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएका शैलुङ गाउँपालिका दोलखा जिल्लाको एक ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय महत्व बोकेको गाउँपालिका हो। बौद्ध, हिन्दु, क्रिश्चियन र बोन धर्मवालम्बीहरुको आस्थाका केन्द्रको रुपमा परिचित शैलुङ पर्वतको नामबाट यस गाउँपालिकाको नामाकरण भएको हो। शैलुङ सम्बन्धी स्थानीयहरु माझ विभिन्न किंवदन्तीहरु प्रचलनमा रहेका छन्। प्रथम बुद्ध साङ्गे माह्मोर्चेले ज्ञान दिएको हुनाले पहिले यस पर्वतलाई साङ्गेलुङ भनिन्थ्यो । पछि अपभ्रश हुँदै शैलुङ रहन गयो ।

नेपाल  संघिय राज्य मुलुक भए संगै स्थानीय तहमा पनि राज्यका प्रमुख तिन अंग जस्तै न्यायिक समिति, स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिकाको व्यवस्था गरिएको छ। नेपालको संविधानको भाग १८ को धारा २२२ बमोजिम गाउँ सभाबाट गठन भएको लेखा समिति गाउँ सभाको एउटा महत्वपूर्ण विषयगत समिति हो। स्थानीय संचित कोषको खर्च गाउँ सभाले चाहे बमोजिम होस भनी त्यसको सुनिश्चित गर्न स्थानीय सरकारी कोषको प्रभावकारी र मितव्ययी ढंगबाट खर्च भए नभएको जाँच पड्ताल गर्नु लेखा समितिको प्रमुख कार्य हो । स्थानीय तहको सभा संचालन ऐनको धारा ३५ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ मा गाउँ सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्ने व्यवस्था  छ । उक्त व्यवस्था र गाउँ सभा संचालन ऐन बमोजिम लेखा समितिको गठन देहाय बमोजिम रहेको  छ ।

तपसिल

| | |
|---|---|
| १. श्री विशाल वि.क. खाती | संयोजक |
| २. श्री सिद्धि श्रेष्ठ | सदस्य |
| ३. श्री तारा थपलिया | सदस्य |
| ४. श्री कुमार प्रसाद सेडाई | सदस्य सचिव (पदेन सदस्य) |

## लेखा तथा आर्थिक कार्यप्रणाली संचालनका संवैधानिक तथा कानूनी व्यवस्था

- ✓ नेपालको संविधान
- ✓ लेखापरीक्षण ऐन, २०७५
- ✓ स्थानीय सरकार संचालन ऐन, २०७४
- ✓ आन्तरीक लेखापरिक्षण निर्देशिका ,२०७३
- ✓ शैलुङ गाउँपालिका आन्तरीक लेखा परीक्षण कार्यविधि,२०७९
- ✓ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७
- ✓ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४
- ✓ शैलुङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६
- ✓ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४

✓ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४

## उदेश्य

संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी र संघीय कानूनद्वारा तोकिएका अन्य कार्यालयमा तथा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएको व्यहोरा औल्याई सार्वजनिक वित्तीय व्यवस्थापन सुधार गर्ने सुझाव सहित जारी भएको प्रतिवेदन उपर यस समितिमा दफावार छलफल गरी संपरीक्षणको लागि पेस गर्नु यस समितिको उद्देश्य हो। यसका अतिरिक्त देहाय बमोजिमका उदेश्य रहेको देखिन्छ।


- वित्तीय सुशासन नियन्त्रको लागि कार्य गर्नु।
- वित्तीय जोखिम नियन्त्रणको लागि कार्य गर्नु।
- सार्वजनिक बेरुजु कम गर्न समन्वय गर्ने, अनावश्यक चालु खर्च नियन्त्रण गर्ने, समयमै वेरुजु फर्छौट गर्ने गरी आर्थिक कारोवारको नियमितता ल्याउने।
- विभिन्न चालु कार्यक्रम, पूँजीगत विकास निर्माणका कार्य, सार्वजनिक खरिद सम्वन्धी कार्यलाई अनलाईन ठेक्का व्यवस्थापन, विद्युतीय माध्मबाट भुक्तानी गरी सार्वजनिक खरिद कोषलाई मितव्यतिता तथा प्रभावकारिता पुष्टि भएपछि मात्र भुक्तानी दिनु।
- जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनियता कायम गर्नु।
- निष्ठा, स्वन्त्रता, व्यावसायिकता पारदर्शिता र जवाफदेहिता कायम गर्नु।

## लेखापरीक्षण र बेरुजु सम्बन्धमा

यस गाउँपालिकाले गत आ. व. २०८१।०८२ मा गरेको आर्थिक कारोवारको महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण गरी प्रारम्भिक प्रतिवेदन प्राप्त भैसकेको छ। हाल सम्म गाउँपालिकाको उक्त प्रतिवेदनमा औल्याएको बेरुजुको समग्र अवस्था देहय बमोजिम रहेको छ।

गाउँपालकाले गत आ व २०८०/८१ मा गरेको आर्थिक कारोवार रु. ६९ करोड ५८ लाख ४३ हजार ८ सय १९को लेखापरीक्षण गरी ४८ लाख ८८ हजार ३ सय आठ रुपैया प्रारम्भिक बेरुजु देखाएको छ।जस मध्ये असुल उपर गर्नुपर्ने १६ लाख ५१ हजार ९ सय, अनियमित भएको २४ लाख ३१ हजार ८ सय, प्रमाण कागजात पेश गर्नुपर्ने ८ लाख ४ हजार रहेको छ। हालसम्मको अद्यावधिक वेरुजु १० करोड ८१ लाख ७७ हजार रहेको छ।

## आर्थिक वर्ष २०८२/८३ को विनियोजन बजेटको अवस्था यस प्रकार रहेको थियो।




**२०८२ माघ १४ गते सम्मको आम्दानीको विवरण देहाय बमोजिम रहेको छ।**

१. संघीय सरकारबाट प्राप्त हालसम्मको जम्मा अनुदानः

| क्र. सं. | अनुदानको प्रकार | बार्षिक अनुमान | हाल सम्मको प्राप्ती | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | ११,२४,००,०००.०० | ५,६२,००,०००.०० | | |
| २. | शसर्त अनुदान चालु | १९,८५,००,०००.०० | १०,२४,२४,०००.०० | | |
| ३. | शसर्त अनुदान पुंजिगत | २,४१,००,०००.०० | ० | | |
| ४. | विषेश अनुदान पुँजिगत | ३,२१,००,०००.०० | १,११,९६,४७७ | | |
| ५. | समपुरक अनुदान पुँजिगत | २१५,००,००,०००.०० | ० | | |
| जम्मा | | ३५,६४,४४,०००.०० | १६,९८,२०,४७७. | ४३.७ | |

२. प्रदेश सरकारबाट प्राप्त हालसम्मको जम्मा अनुदानः

| क्र. सं. | अनुदानको प्रकार | बार्षिक अनुमान | हाल सम्मको प्राप्ती | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | १,१६,०५,०००.०० | ५८,०२,५००.०० | | |
| २. | शसर्त अनुदान चालु | १,५६,७४,०००.०० | ७८,३७,०००.०० | | |
| ३. | शसर्त अनुदान पुँजिगत | ५०,००,०००.०० | ० | | |
| ४. | विषेश अनुदान पुँजिगत | ६५,००,०००.०० | ० | | |
| ५. | समपुरक अनुदान पुँजिगत | २,२८,००,०००.०० | ० | | |
| जम्मा | | ६,१५,७९,०००.०० | १,३६,३९,५००.०० | २२.१५ | |

प्रदेश सरकारबाट प्राप्त हालसम्मको जम्मा अनुदान रु. १,३६,३९,५००.००

३. राजश्व बाँडफाँडबाट प्राप्त हालसम्मको जम्मा आम्दानीः

| क्र. सं. | अनुदानको प्रकार | बार्षिक अनुमान | हाल सम्मको प्राप्ती | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | राजश्व बाँडफाँड संघीय सरकार | ८,०८,००,०००.०० | ३,४९,६९,३२१ | | |
| २. | राजश्व बाँडफाँड प्रदेश सरकार | ३,२१,४९,२५६.०० | ७८,६२,१९० | | |
| ३. | राजश्व बाँडफाँड स्थानीय सरकार | ३०००००.०० | ० | | |
| जम्मा | | ११,३२,८६,०००.०० | २,९०,५०,१८३ | ३७.८१ | |


४. आन्तरिक स्रोतबाट प्राप्त हालसम्मको जम्मा आम्दानीः

| क्र. सं. | आन्तरिक आम्दानी | बार्षिक अनुमान | हाल सम्मको प्राप्ती | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | आन्तरिक स्रोत | १०,४५,५०,३८५.०० | २,९०,५०,१८३ | | |
| जम्मा | | १०,४५,५०,३८५.०० | २,९०,५०,१८३ | ७.९३ | |

५. हालसम्मको जम्मा आम्दानीः

| क्र. सं. | बार्षिक अनुमान | हाल सम्मको प्राप्ती | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | ६६,८०,१६,००० | २५,५३,४१,६७३ | | |
| जम्मा | ६६,८०,१६,००० | २५,५३,४१,६७३ | ३८.२२ | |

**मिति २०८२ माघ १४ गते सम्ममा  विनियोजन बजेटको वित्तीय प्रगतिको अवस्था देहाय अनुसार रहेको छ ।**




शैलुङ गाउँपालिकामा सार्वजानिक वित्त व्यवस्थापनको अवस्था

स्रोत परिचालनमा

1. करको दायरा विस्तार हुँदै गएको।
2. राजस्व स्रोत परिचालनमा सिमितता देखिएको।
3. आन्तरिक राजस्व चासो र प्रभावकारी हुदै गएको।
4. राजस्वका स्रोतको पहिचानमा अझै विस्तार गर्नुपर्ने।
5. आन्तरिक स्रोतको बढी प्रक्षेपण गर्ने गरेको।

बजेट तर्जुमा र कार्यान्वयन

1. योजना, कार्यक्रम र वार्षिक बजेट बिच तादम्यता हुदै बजेट आएको।
2. आर्थिक अनुशासन बमोजिम आवश्यक बजेट विनियोजन भएको।
3. अनुत्पादक खर्च कम गर्नु पर्ने।
4. बजेटमा तर्जुमामा सहभागीता  बढाउनु पर्ने।

योजना तर्जुमा र कार्यान्वयन

1. योजनाको प्राथमिकीकरण वस्तुनिष्ठ  हुदै गएको।
2. आयोजनाको प्रगति उल्लेखनीय रुमपा बढ्दै गएको।
3. योजनाको अनुगमन, मूल्याङ्कन नतिजामुखी हुदै गएको।

विकास निर्माण

1. चालु खर्चको तुलनामा पूँजीगत खर्चमा कम बजेट विनियोजन भएको छ।
2. जनसहभागिता उल्लेखनीय भएको हुदै गएको छ।
3. यस गाउँपालिका उच्चतम बेजट विनियोजनमा पूर्वाधार विकासमा रहेको देखिएको छ।

वित्तिय अनुशासन र नियमन

1. आन्तारिक नियन्त्रण प्रणाली प्रभावकारी भएको।
2. बेरुजु फर्छौट मा तादरुकता देखाउदै गएको।
3. विधुतीय भुक्तानी लागू भएको छ।
4. आन्तरिक लेखा परिक्षण हुने गरेको।

**समस्या**

➢ स्रोत परिचालन उच्चतम हुन सकेको छैन। वजेट विनियोजनको करिब ७० देखि ८०% को हाराहारीमा मात्र खर्च हुने गरेको।

➢ आयोजनाको प्राथमिकीकरण गरी बजेट र योजना बिचको तालमेल गरी आयोजनाको प्राथमिकीकरणलाई अझ बढी ध्यान दिनु पर्ने।

➢ आयोजनाको लक्ष अनुरुप कार्यान्वयन हुन जोड दिनु पर्ने।

➢ सार्वजानिक सम्पतिको व्यवस्थापन, मूल्यावान उपकरणको मर्मत सम्भारमा कम ध्यान दिएको।

➢ सार्वजनिक खरिद कानूनको पूर्ण परिपालना हुन नसकेको ,

➢ सार्वजनिक सेवा प्रभावकारी सुधार गरी नवप्रवर्धनमुखी बनाउन सकिएको छैन

➢ बेरुजु बढ्दै गएको र फर्छौटमा अपेक्षित तदारुकता कम देखिएको।

➢ अनुगमन मुल्याङ्कन प्रणाली वस्तुनिष्ठ बनाउन नसकिएको।

**सुझाव**

❖ निर्माण भएका कानूनलाई पूर्ण रुपमा कार्यन्वयन गर्दै लैजानु पर्ने।

❖ सेवा प्रभावलाई अनुभुति हुने खालको बनाउनु पर्ने।

❖ वित्तिय जोखिमालाई ध्यानमा राखी सार्वजनिक स्रोतको उच्चतम सदुपयोग हुने विषयमा मात्र आयोजनाको प्राथमिकीकरण गरि बजेट विनियोजन गर्नुपर्ने।

❖ बजेट विनियोजन बहुआयमिक सहयोग पुग्ने विषयलाई जोड दिनुपर्ने।

❖ असारमा मात्र खर्च गर्ने प्रवृति कम गरी समयमै वित्तीय प्रगति सम्वन्धीत निकायमा पेस गर्ने खालको वातावरण बनाउनु पर्ने।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमका विषयगत समितिका संयोजक/सदस्यज्यूहरु द्वारा प्रस्तुत गरिएका प्रतिवेदनहरुलाई स्वीकृत गर्ने ।

तपसिल

| सि.नं. | समितिको नाम | संयोजक/सदस्य |
|---|---|---|
| १ | आर्थिक विकास समिति | श्री दिपक बस्नेत |
| २ | सामाजिक विकास समिति | श्री बिर बहादुर घतानी |
| ३ | पूर्वाधार विकास समिति | श्री बिर बहादुर तमाङ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन समिति | श्री बिर बहादुर तमाङ |
| ५ | विधेयक समिति | श्री तिर्थ बहादुर श्रेष्ठ |
| ६ | सुशासन तथा क्षमता विकास समिति | श्री झम्क बहादुर कार्की |

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँ कार्यपालिकाबाट गाउँसभा,सत्रौं अधिवेशन पश्चात निर्णय भएका गाउँ कार्यपालिकाका निर्णयहरुलाई अनुमोदन गरी स्वीकृत गर्ने सर्वसम्मत ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट गाउँसभा,सोहौं अधिवेशन पश्चात भए गरेका सम्पूर्ण प्रशासनिक कार्यहरुलाई अनुमोदन गरी स्वीकृत गर्ने ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शैलुङ गाउँपालिका, गाउँ कार्यपालिका, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा कार्यरत करार कर्मचारीहरुको म्याद थपको लागि मिति २०८२/१०/१४ गते भएको कार्यपालिका निर्णयलाई अनुमोदन गर्ने ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँपालिकाका विभिन्न वडा कार्यालयहरुबाट संकलन भएका योजनाहरु यस गाउँसभाबाट सम्बोधन नभएका तपसिल बमोजिमका योजनाहरूलाई बजेट विनियोजन गर्नको लागि संघीय सरकार, प्रदेश सरकारलाई अनुरोध गर्ने ।

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | आवश्यक बजेट रू | कैफियत |
|---|---|---|---|---|
| १ | डाँसे कल्लाबारी दुधपोखरी गैरी ताम्चेत ढुङ्गे सडक | शैलुङ-१ | १५,००,००,०००/- | |
| २ | ढुङ्गे मेहेले फलाटे सडक | शैलुङ-१ | १०,००,००,०००/- | |
| ३ | काँडे गैरी ठेगालाघ्यु ठेलाबगर सडक | शैलुङ-१ | १०,००,००,०००/- | |
| ४ | कोलमखान घलेगाउँ बाघखोर सडक | शैलुङ-१ | १०,००,००,०००/- | |
| ५ | कल्लाबारी ठेगालाघ्यु सडक | शैलुङ-१ | १५,००,००,०००/- | |
| ६ | जुगे वडा कार्यालय सडक | शैलुङ-१ | १०,००,००,०००/- | |
| ७ | जम्बुसिंह कल्लाबारी सडक | शैलुङ-१ | १०,००,००,०००/- | |
| ८ | कल्लाबारी गगरेछ सडक | शैलुङ-१ | १०,००,००,०००/- | |
| ९ | गैरी तारेभिर सासिम सडक | शैलुङ-१ | १०,००,००,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| १० | बुग्रे भित्री सडक | शैलुङ-१ | १०,००,००,०००/- | |
| ११ | सुकुटे लिसङ्खु डाँसे दुधपोखरी ताम्चेत ढुङ्गे फस्कु तामाकोशि लोकमार्ग | शैलुङ-१ | १ अर्व | |
| १२ | ओखरबोट हिले हेल्थपोष्ट सडक | शैलुङ-६ | १०,००,००,०००/- | |
| १३ | सातमुल मैदाने गुरुङगाउँ खानेपानी आयोजना | शैलुङ-६ | ५,००,००,०००/- | |
| १४ | गोठपानी खेलमैदान निर्माण | शैलुङ-६ | १०,००,००,०००/- | |
| १५ | दुर्गा मा.वि. भुगोल सडक | शैलुङ-४ | १०,००,००,०००/- | |
| १६ | हिले आहाले सडक | शैलुङ-६ | १०,००,००,०००/- | |
| १७ | शैलुङ रिङरोड सडक कालोपत्रे | शैलुङ | १ अर्व | |
| १८ | बाघखोर गाउँपालिका कार्यालय सडक | शैलुङ-३ | ३,००,००,०००/- | |
| १९ | थलथले बुकुनागी खानेपानी योजना | शैलुङ-५ | ४,००,००,०००/- | |
| २० | गोल्मा राजा रानी पर्यटन पुर्वाधार विकास | शैलुङ-५ | ५,००,००,०००/- | |
| २१ | घट्टेखोला वडा कार्यालय झोलुङ्गे पुल, | शैलुङ -२ | ५०,००,००० | |
| २२ | महादेव खोला भुजेत कृषि सिंचाई आयोजना | शैलुङ -२ | ६०,००,००० | |
| २३ | टाँडि फेदा वडा कार्यालय जम्सिंह कल्लाबारी सडक , | शैलुङ -२ | ५,००,००,००० | |
| २४ | बाघखोर चित्रे वडा कार्यालय सडक , | शैलुङ -२ | २,००,००,००० | |
| २५ | मानेडाँडा जमसिंह खानेपानी योजना, | शैलुङ -२ | २,००,००,००० | |

प्रस्ताव नं. १० माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यस्था गर्न बनेको विधेयक, २०८२ स्वीकृत गर्ने ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको बेरुजु फस्यौट कार्यविधि, २०८२ स्वीकृत गर्ने ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा शैलुङ गाउँपालिकाको लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने ।